# मिति २०७४ जेठ १७ गते बसेको काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको प्रथम वैठकका निर्णयहरु

१. २०७४ वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरवासीको उत्साहजनक सहभागिता, जनप्रतिनिधि चयन गर्न मतदाताहरुले प्रयोग गर्नुभएको सार्वभौम विवेकको सम्मान गर्दै काठमाडौं महानगरपालिकाका, नगर कार्यपालिकाको पहिलो बैठक हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछ । निर्वाचनलाई सफल पार्न अहोरात्र खटनुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई उच्च प्रसंसा गर्दछ । साथै स्वशासन र लोकतन्त्रको लागि विगतमा पटक पटक भएको जनआन्दोलनको क्रममा सहादत प्राप्त गर्नु भएका ज्ञात अज्ञात सहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्ने ।

२. काठमाडौं महानगरपालिकाका ८० वर्ष उमेर पुरा भएका पुरुष र ७५ बर्ष उमेर पुरा भएका महिला बरिष्ठ जेष्ठ नागरिकहरुलाई महानगरपालिकाको तर्फबाट वार्षिक रु. १२ हजार महानगर भत्ता उपलब्ध गराउने र उहाँहरुलाई घरदैलोमा नै दक्ष चिकित्सक सहितको टोली पठाई स्वास्थ्य परीक्षण गर्ने कार्य तत्काल थालनी गर्ने ।

३. काठमाडौंमा वढदै गएको धुलो धुवाको प्रदुषण न्यूनीकरण गर्न प्रभावकारी कार्य योजना र निश्चित जिम्मेवारी सहित साधन श्रोतको अधिकतम् परिचालन गरी Clean the City अभियान थालनी गर्ने ।

४. महानगरपालिकाको घर घर, टोल टोलबाट उत्सर्जन हुने फोहोरलाई सूर्योदय अगावै विसर्जन र व्यवस्थापन गर्ने ।

५. महानगरपालिकाका सबै वडा कार्यालय र सम्पूर्ण विभागहरुबाट प्रवाह हुने सेवा छिटो, छरितो, प्रभावकारी र पारदर्शि बनाउँदै जवाफदेही र असल शासनको अभ्यास आरम्भ गर्ने । यसका लागि सूचना प्रविधिको प्रयोग र भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति अंगिकार गर्ने ।

६. २०७२ साल वैशाख १२ गतेको भूकम्पबाट पीडित महानरवासीहरुका निजी आवासीय प्रयोजनका घर निर्माण गर्दा उहाँहरुलाई निशुल्क परामर्श सेवा र भवन निर्माण इजाजत दस्तुरमा सत प्रतिशत छुट सुविधा उपलब्ध गराउने ।

७. काठमाडौं महानगरपालिकाको सरकारी कामकाजको भाषाको रुपमा नेपाली र नेपाल भाषाको प्रयोग गरिनेछ । नेपाल भाषाका विज्ञ दोभाषेको समेत व्यवस्था मिलाई सेवाग्राहीलाई सहज सेवा पुर्‍याउने प्रवन्ध गरिनेछ । साथै संयुक्त राष्ट्र संघमा नेपालको पहिचानका रुपमा सूचिकृत भएको रञ्जना लिपीलाईसमेत काठमाडौं महानगरपालिकाको सबै कार्यालयको बोर्ड र लेटरप्याडमा प्रयोग गर्ने ।

८. काठमाडौं महानगरपालिका क्षेत्रभित्र अवस्थित ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पर्यटकीय क्षेत्र, महत्वपूर्ण सार्वजनिक स्थल र पार्कहरुमा Free WiFi Zone को व्यवस्था गर्ने ।

९. भुकम्पबाट पूर्ण क्षति भएको बागदरबार स्थित काठमाडौं महानगरपालिकाको साविकको कार्यालय भवन निर्माणको कार्य तत्काल शुरु गर्ने । यसका लागि अन्य निकायहरुसँग समेत आवश्यक समन्वय गर्ने । साथै हालका अधिकांश वडा कार्यालय भवनहरु कार्यालय सञ्चालनको लागि पर्याप्त नदेखिएकोले वडा कार्यालय भवन निर्माण कार्य प्राथमिकताकासाथ अगाडि वढाउने ।

१०. काठमाडौं महानगर क्षेत्रमा सम्भावित स्थान पहिचान गरी आवश्यक संख्यामा सार्वजनिक शौचालयहरु निर्माण गर्ने कार्य तत्काल थालनी गर्ने ।

११. काठमाडौं महानगरलाई २४ सौ घण्टा खुला जीवन्त शहरको रुपमा विकास गर्न आवश्यक पूर्वाधारहरुको विकास एवं निर्माण कार्यहरु थालनी गर्ने ।